नेपाली / *NEPALI*

Facilities Planning
& Management
UNIVERSITY OF WISCONSIN–MADISON

# सुरक्षाको जुत्ता नाप्ने र पठाउने कार्यक्रम

45 N. Charter Streetको तल्लो तल्लामा आफूलाई ठीक हुने नि: शुल्क जुत्ताहरू मगाउनुहोस्।

- मङ्गलबार, जुन ११ तारिख
  राति ३:०० बजेदेखि – बिहान ८:३० बजेसम्म
  बेलुकी ५:३० बजेदेखि – राति १:०० बजेसम्म
  *तेस्रो शिफ्टका कर्मचारीहरूका लागि अनुवाद सेवा राती १०:३० बजेदेखि १२ बजेसम्म उपलब्ध हुनेछ*

- बुधबार, जुन १२ तारिख
  बेलुकी ४:३० बजेदेखि – राति १:०० बजेसम्म
  *दोस्रो शिफ्टका कर्मचारीहरूका लागि बेलुकी ५:३० बजेदेखि ७:३० बजेसम्म अनुवाद सेवा उपलब्ध हुनेछ*

## स्वैच्छिक कस्टोडियल कम चिप्लने जुत्ता कार्यक्रम
## धेरै सोधिएका प्रश्नहरू

१. **हामीले किन कम चिप्लने जुत्ता कार्यक्रम लागू गर्दैछौं ?**
हामीले उपयुक्त सुरक्षित जुत्ता प्रदान गरेर कस्टोडियल सेवा कर्मचारीहरू चिप्लने/लड्ने घटनाहरू कम गर्ने लक्ष्य राखेका छौं।

२. **जुत्ता कार्यक्रमको लागि को योग्य छ ?**
*FPM* का सबै कस्टोडियल कर्मचारीहरू योग्य छन्।

३. **के हामीले कम चिप्लने जुत्ता चयन गर्न आवश्यक छ ?**
छैन। यो स्वैच्छिक कार्यक्रम हो। यदि तपाईंले कम चिप्लने जुत्ता चयन गर्नुभयो भने, तपाईंले कामको लुगाका साथ ती जुत्ताहरू लगाउनु हुन्छ भन्ने अपेक्षा राखिन्छ।

४. **यदि म चिप्लेर लडें र मैले मेरो कम चिप्लने जुत्ता लगाएको छुइन भने के हुन्छ ?**
तपाईं चिप्लिएर लड्नुभयो भने कुनै परिणाम हुँदैन। तर कृपया याद गर्नुहोस् कि तपाईंले पाउनुभएको कम चिप्लने जुत्ता लगाउनु हुन्छ भन्ने अपेक्षा राखिन्छ।

५. **मैले यी जुत्ताहरू कसरी पाउन सक्दछु ?**
जुत्ताहरू एक जुत्ता विक्रेता मार्फत उपलब्ध हुनेछ जो 45 North Charter Street मा जुत्ताहरू नाप्न र उपलब्ध गराउन आउनेछन्। तपाईंले आफ्नो कामको समयमा एक जोडी जुत्ता चयन गर्न सक्नुहुनेछ र ती जुत्ताहरू तपाईंलाई पछि पठाइनेछ।

**६. के मैले मेरो रोजाईको विक्रेता, उदाहरणको लागि *Amazon* बाट जुत्ता चयन गर्न सक्नेछु ?**
सक्नुहुनेछैन, माथि दिइएका कार्यक्रमहरूमा क्याम्पसमा आएका जुत्ता विक्रेता मार्फत मात्र तपाईंले जुत्ताहरू चयन गर्न सक्नुहुनेछ।

**७. मैले कति पटक जुत्ताहरू रोज्न पाउनेछु ?**
तपाईंले हरेक वर्ष एक जोडी जुत्ता चयन गर्न सक्नुहुनेछ। क्याम्पसको वित्तिय वर्षको नयाँ वर्ष जुलाई १ मा शुरू हुन्छ।

**८. जुत्ताहरूको लागि के मैले केही पैसा खर्च गर्नु पर्दछ ?**
पर्दैन, जुत्ताहरूको खर्च *FP&M* ले व्यहोर्नेछ। $१२५ वा सोभन्दा कम मूल्यमा उपलब्ध कम चिप्लने जुत्ताहरूको विस्तृत चयन प्रदान गर्नका लागि *FP&M* ले जुत्ता विक्रेतासँग मिलेर काम गर्नेछ।

**९. यदि मैले $१२५ भन्दा कम मूल्यको जुत्ताको जोडी चयन गरें भने के मैले जुत्तामा काम लाग्ने थप सामानहरू किन्नको लागि बाँकी रकम चलाउन सक्छु?**
सक्नुहुनेछैन, जुत्ताको लागि छुट्टयाइएको रकम एक जोडी जुत्ता किन्न मात्र चलाउन सकिन्छ।

**१०. के मैले $१२५ भन्दा बढीको जुत्ता किनेर बाँकी रकम आँफैले तिर्न सक्छु ?**
सक्नुहुनेछैन, पहिचान गरिएका जुत्ताहरू मात्र चयन गर्न उपलब्ध गराइनेछ। सबै जुत्ताहरू $१२५ भन्दा कम रकमका हुनेछन्।

**११. मैले रोजेको जुत्ता मलाई मन परेन भने मैले के गर्न सक्छु ?**
जुत्ता विक्रेताहरूको फिर्ता गर्ने प्रक्रियाको पालना गर्नुभएर जुत्ताहरू फिर्ता गर्न सकिन्छ र अर्को पटक जुत्ता विक्रेता क्याम्पसमा आउने बेला तपाईंले अर्को जोडी जुत्ता चयन गर्न सक्नुहुनेछ।

**१२. यदि मैले जुत्ता विक्रेताबाट चाहेको जुत्ता फेला पार्न सकिनँ भने के हुन्छ?**
यो जुत्ता कार्यक्रम हाल तपाईंलाई कुनै पनि खर्च बिना कम चिप्लने जुत्ता चयन गर्नको लागि एक मात्र विकल्प हो। कार्यक्रम स्वैच्छिक हो र तपाईंले जुत्ताको जोडी चयन गर्न आवश्यक छैन।

**१३. कस्टोडियलको कम चिप्लने जुत्ता कार्यक्रमको लागि म कहिले योग्य हुन्छु ?**
*FP&M* कस्टोडियलका कर्मचारीहरू आफ्नो जागिरको पहिलो दिनमा कार्यक्रमको लागि योग्य हुन्छन्।

**१४. यो जुत्ता कार्यक्रमबाट जुत्ता चयन गर्न योग्य हुने प्रक्रिया के हो ?**
सुपरभाईजरहरूले जुत्ता विक्रेता भ्रमणको मिति र स्थानहरूको सूचना कर्मचारीहरूलाई प्रदान गर्नेछन् र जुत्ताहरू चयन गर्न कामको समयमा अनुमति दिनेछन्।

**१५. कम चिप्लने जुत्ता भनेको के हो ?**
कम चिप्लने जुत्ताहरूमा रबरको सोल र डिजाइन हुन्छन् जसले भिजेको वा चिल्लो भुइँमा राम्रोसँग टेक्न सक्दछन् र ASTM F3445-21 मापदण्डहरू पूरा गर्न सक्दछन्।

**१६. के कम चिप्लने जुत्ताले हिउँ फाल्ने जस्ता बाहिरी गतिविधिहरूको लागि नाचिप्लिन सहयोग गर्दछन् ?**
कम चिप्लने जुत्ताहरू भवन भित्रका चिप्लन सकिने खतराहरू विरुद्ध सुरक्षा प्रदान गर्न बनाइएको हुन्छ। हिउँ वा बरफमा नाचिप्लनका लागि तपाईंले अझै पनि लगाउन मिल्ने नाचिप्लिने सामान (*Yak-Traks*) जुत्तामा लगाउनु पर्ने हुन्छ।